# राष्ट्रिय हरवाचरवा अधिकार मञ्च
## केन्द्रीय कार्यालय, सिराह (लाहान) नेपाल

मिति: २०८१ बैशाख १२ गते

**श्री प्रमुख सचिव ज्यू**
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
मधेशप्रदेश सरकार, जनकपुरधाम

**विषय : मधेशप्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीतिं तथा कार्यक्रम र बजेटमा मुक्त हरवाचरवा सवाल संबोधनका सम्बन्धमा**

# ज्ञापन पत्र

**श्री प्रमुख सचिव ज्यू**

उपरोक्त सम्बन्धमा नेपाल सरकारले मिति २०७९ श्रावण २ गतेका दिन भूमि व्यवस्था मन्त्रालयको सिफारिशका आधारमा हरवाचरवाको ऋणको खारेजीसहित मुक्तिको घोषणा गरेसंगै हाम्रो मुलुक बँधुवा श्रमबाट मुक्त भएको सगौरव अवगत गराउन चाहन्छौं । त्यसैगरी मधेश प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अगुवाईमा हरवाचरवाको लगत संकलन, प्रमाणीकरण र परिचयपत्र वितरणलगायत प्रारम्भिक पुन:स्थापनाको कार्य अघि बढाउन नेतृवदायी भूमिका खेल्नु भएकोमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा सिंगो मधेशप्रदेश सरकारलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौ । साथै, मधेश प्रदेशको यही कार्यकालमा मुक्त हरवाचरवाको पुन:स्थापनाका सबै कामहरु सम्पन्न हुनेछन् भन्ने विश्वास गरेका छौं ।

नेपालको संविधान, विद्यमान ऐन कानून तथा मुक्तिको घोषणा गर्दाका बखत गरिएका प्रतिवद्धताहरु कार्यान्वयन गर्न गराउने उद्देश्यले **"मुक्त हरवाचरवाको न्यायिक पुन:स्थापना हाम्रो सरोकार ! भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार ! !"** भन्ने मूल नाराका साथ मधेशप्रदेश सरकारका भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय गोविन्दबहादुर न्यौपानेज्यूको प्रमुख आथित्यमा मिति २०८१ बैशाख ०७ देखि ०८ गतेसम्म जनकपुरमा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको ऐतिहासिक तेश्रो राष्ट्रिय सम्मेलनबाट दशनलाल मण्डलको नेतृत्वमा २५ सदस्यीय नयाँ नेतृत्वपनि चयन गरिएको ब्यहोरा सगौरव जानकारी गराउन चाहन्छौ । जसको उपाध्यक्ष, महासचिव, सचिवहरु र कोषाध्यक्षमा क्रमस: श्रीप्रसाद सदा (धनुषा), लागिन्द्र सदा (सप्तरी), मोहमद कासिम मिया(सिराह), बिगनेष पासवान (रौतहट) र राजवती मण्डल (सिराह) चयन भएका छन् । त्यसैगरि सदस्यहरुमा शिव सदा, साबित्रीदेवी सदा, तेतरी माँझी, खुवलाल राम, दलि माँझी, धनमन्ती राम, उपेन्द्र दाश, गोलीयादेवी राम, उपेन्द्र राम, सोनीया माँझी, ठकनीदेवी महरा, अलि मोहमद नदाफ, श्यामसुन्दर सदा, गिता सदाय, सुमित्रा खङ्गर मधु सदा रहनु भएको छ ।

नेपालको संविधानको धारा २९ शोषण विरुद्धको हक अन्तरगत उपधारा (३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाईने छैन । र उपधारा (४) मा कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । धारा ४० को उपधारा (५) र (६) मा दलितहरुलाई एक पटक कानूनबमोजिम जमिन र आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ। सोही बमोजिम भुमि सम्बन्धि ऐन, २०२१ को दफा ५२ (क) ले नेपाल सरकारले भुमिहिन दलितलाई एक पटकका लागि तोकिए बमोजिम तीन बर्षभित्र जमिन उपलब्ध गराउने ब्यवस्था गरेको छ। भने भुमिसम्बन्धि नियमावलीको नियम ४१ (क) र (ख) लयागतमा कार्यान्वयनको ब्यवस्था गरेको छ ।त्यसैले उक्त सम्पूर्ण संवैधानिक तथा कानूनी व्यवस्था र हामीसंग भएका प्रतिबद्धताहरुको छिटोछरितो र प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको तर्फबाट मधेशप्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा मुक्त हरवाचरवाका तपशिलका मागहरु संबोधन गर्नका लागि माननीय मन्त्रीज्यू समक्ष यसै ज्ञापनपत्रमार्फत हार्दिक अनुरोध गर्दछौं ।

**National Harwa Charwa Rights Forum**
Central Office, Siraha (Lahan) Nepal Email Address : hchumanrights@gmail.com

दसन

CamScanner

दसन

**आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेटमा मुक्त हरवाचरवाका सवालहरु सम्बोधनका लागि सुझावहरु :**

१) मधेशप्रदेशको ८ वटै जिल्लाहरु (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) का ४२ वटा पालिकाहरुमा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका स्थानिय स्तरका आफनै जनसंठगनहरु निर्माण भई कार्यक्रमहरु सञ्चालन भईरहको सन्दर्भमा आगामी आर्थिक वर्ष २०८१/०८२ को निति, कार्यक्रम र बजेट मार्फत मुक्त हरवाचरवाको तथ्याकं संकलन, प्रमाणिकरण र परिचयपत्र वितरण मार्फत न्यायिक पुनर्स्थापनाको कार्यक्रम अगाडी बढाउन हार्दिक अनुरोध गर्दछौ ।

२) मधेशप्रदेश सरकार भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालयको पहलमा मस्यौदा गरिएको मुक्त हरवाचरवाको तथ्याकं संकलन, प्रमाणिकरण र परिचयपत्र वितरण सम्बन्धी कार्यबिधीलाई अन्तीम रुप दिई मन्त्रीपरिषदबाट पारित गरि तत्काल हरवाचरवा लगत संकलन, प्रमाणिकरण र परिचयपत्र बितरणको थालनी गरियोस ।

३) मुक्त हरवालाई जमिन, आवाश, शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण, रोजगारी र सामाजिक सुरक्षा सहितको **मुक्त हरवाचरवा पुनर्स्थापना प्याकेज** निर्माण गरि सोको कार्यान्वयन गरियोस ।

४) हरवाचरवालाई खेती र आवासका लागि जमिन उपलब्ध गराउन र बैकल्पिक रोजगारीमा लाग्न इच्छुक रोजगारीबिहीन हरवाचरवालाई ३ महिना, ६ महीना र सोभन्दा लामो दीर्घकालीन सीपको तालिम, रु १ लाखको बीउ पुंजी र आवश्यक औजार प्रदान गर्न माग गर्दछौ ।

५) नेपालमा हरवाचरवाभन्दा गरिब र भूमिहीन अरु कोही नभएकोले सडक, बिजुली, शुद्ध खानेपानी, विद्यालय, स्वास्थ्य चौकी र सिँचाइ जस्ता न्युनतम भौतिक पूर्वाधारसहित एकीकृत प्याकेजसहितको बहुआयामिक गरिबी निवारण कार्यक्रम सर्बप्रथम हरवाचरवाको बस्तीमा लागू गर्न माग गर्दछौ ।

६) जमिन तथा बसाइको प्रमाण नभएका कारण आधाभन्दा बढी हरवाचरवाहरु नागरिकताबाट बंचित छन् । नागरिकता नभएकै कारण उनीहरु राज्यबाट प्रदान हुने सामाजिक सुरक्षा तथा अवसरहरुबाट बन्चित हुँदै गएका छन् । आफ्नो नाममा जमिन नहुनु, नागरिकता लगायतका परिचयपत्र नभएकै कारण आज समय क्रममा जमिनको मूल्य बढ्दै जाँदा विकासको वहानामा उनीहरुलाई विस्थापित गरिदैछ । त्यस कार्यलाई तत्काल रोकि बैकल्पिक व्यवस्था गर्न माग गर्दछौ ।

७) नेपालको संविधानको धारा ५१ ञ (६) मा मुक्त हरवाचरवा, भूमिहिन, सुकुम्वासी पहिचान गरी बसोवासका लागि घरघडेरी तथा जिविकोपार्जनका लागि कृषियोग्य जमिनसहित पुनःस्थापना गर्ने र नेपालको संविधानको धारा १८, २४, ४० को मान्यता अनुसार अक्षरसः कार्यान्वयन गर्न जोडदार माग गर्दछौ ।

८) मुक्त हरवाचरवा बसोवास गर्दै आएको स्थानबाट पुनःस्थापना कार्यक्रम विना विस्थापित गर्ने कार्य तत्काल रोक्न सम्वन्धित निकायलाई कडा निर्देशन जारी गर्न माग गर्दछौं ।

९) आफ्नो नाममा जमिन नहुनु, नागरिकतालगायतका परिचयपत्र नभएकै कारण हरवाचरवा परिवारहरु अझै पनि *गृहतको* (साहु) ऋण सापटीमा जीवन गुजार्न बाध्य छन् । सामान्य औषधी उपचार, दैनिक खाना तथा साँस्कृतिक कारणहरुका लागि पनि उनीहरु ऋण लिन बाध्य छन् । उनीहरुले लिएको अधिकांश ऋण चर्को ब्याजमा (न्युनतम बार्षिक ३६ प्रतिशत देखि १२० प्रतिशत) सम्म हुने भएकोले गृहतसंग ज्याला, समय तथा सुविधाका बारेमा उनीहरुको कुनै सौदावाजी हुन नसक्ने भएकोले सो अवस्थाको अन्त्य गर्न माग गर्दछौं ।

१०) गतबर्ष पारित भएको नीति, कार्यक्रम र बजेटमा भएको व्यवस्था कार्यान्वयनको माग गदछौ ।

दसन

..................

दशनलाल मण्डल

**केन्द्रीय अध्यक्ष**

राष्ट्रिय हरवाचरवा अधिकार मञ्च

**National Harwa Charwa Rights Forum**

**Central Office, Siraha (Lahan) Nepal** Email Address : hchumanrights@gmail.com

CamScanner

हसन

**आगामी बजेटबाट हरवाचरवाले अपेक्षा गरेका न्युनतम कार्यक्रम :**

हरवाचरवा अधिकार मञ्चको जनकपुरमा सम्पन्न तेस्रो सम्मेलनका सहभागी प्रनिनिधिहरुका बिचमा छलफल गरिएको आधारमा तयार गरिएको :

**१. हरवाचरवाको तथ्यांक संकलन प्रमायणीकरण र परिचय बितरण कार्यक्रम :**
मधेश प्रदेशका आठै जिल्लामा हरवाचरवाको तथ्यांक संकलन प्रमायणीकरण र परिचय बितरण कार्यक्रम का लागी प्रत्येक जिल्लामा ३० लाख ।

**२. मुक्त हरवाचरवा पुनर्स्थापना प्याकेज निर्माण**
मुक्त हरवाचरवा पुनर्स्थापना प्याकेजका लागि रु ५००,००० (अक्षेरुपी रु पाँच लाख मात्र)

**३. शिप बिकास :**
हरवाचरवा शिप किासका लागी प्रत्येक जिल्लाबाट १०० जनाका दरले मधेश प्रदेशका ८ वटै जिल्लाा ८०० जनाका लागी प्रत्येक जिल्लामा १० लाखका दरले ८० लाख ।

**४. सहकारी तथा बचत ऋण समुह सहयोग :**
मधेश प्रदेशमा रहेका १० वटा हरवाचरवा सहकारी तथा समुहका लागी प्रत्येकका लागी ३ लाखका दरले ३० लाख ।

**५. जिबिकोपार्जन सहयोग :**
मधेश प्रदेशका ८ जिल्लाका ४०० हरवाचरवा परिवार लाई तरकारी,च्याउ,वाखा बगुर का लागी प्रति परिवार १ लाखका दरले ४० लाख ।

**६.बगर खेती :**
५ वटा सामुहिक बगर खेती प्रत्येकका लागी ८ लाखका दरले ४० लाख ।

**७. शिक्षामा सहभागीता र निरन्तरता कार्यक्रम :**
हरवाचरवा बालबालिकाको शिक्षामा सहभागीता र निरन्तरता कार्यक्रम कालागी प्रत्येक जिल्लामा १० लाखका दरले ८० लाख ।

**८.छात्रबृति कार्यक्रम :**
प्रत्येक जिल्लामा ५० जना का दरले ४०० जनाका प्रतिबर्ष १२००० का दरले हुने रु.४८ लाख ।

**९.रोजगारी श्रृजना :**
प्रदेश मातहतका सरकारी,अर्धसरकारी कार्यालयमा योग्यता र क्षमताका आधारमा २०० जनालाई रोजगारीको अवसर ।

१०.प्रदेशबाट सञ्चालन हुने प्रधामन्त्री स्वरोजगार कार्यक्रम,जनता आवास कार्यक्रम,महेन्द्रनारायण निधि आवास कार्यक्रम लगायत बिपन्न मैत्री कार्यक्रममा हरवाचरवा प्राथमिकिकरण ।

हसन

**National Harwa Charwa Rights Forum**
Central Office, Siraha (Lahan) Nepal Email Address : hchumanrights@gmail.com

CamScanner